# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, पुस ८ गते २०५३ साल (अतिरिक्ताङ्क ५० (क+१)

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबारको सूचना १

माननीय आवास तथा भौतिक योजना मन्त्री श्री बालाराम घर्तीमगर र माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री श्री बुद्धिमान तामाङ ओसरोसरवारको सिलसिलामा २०५३ साल पुस ७ गते बैंकक तर्फ जानु भएकोले उहाँहरुको अनुपस्थितिमा उहाँहरूले सम्हाली आउनु भएको आवास तथा भौतिक योजना मन्त्रालय र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा क्रमशः माननीय जलस्रोत मन्त्री श्री पशुपतिशम्शेर ज.ब.रा. र माननीय वाणिज्य मन्त्री श्री फत्तेहसिंह थारूले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्रीको सिफारिशमा विज्ञान तथा प्रविधि मन्त्री श्री रामकृष्ण आचार्य, कृषि राज्यमन्त्री श्री प्रेमबहादुर भण्डारी, स्थानीय विकास राज्यमन्त्री श्री राजीव पराजुली र वाणिज्य सहायक मन्त्री श्री खोभारी रायले आ-आफ्नो पदबाट चढाउनु भएको राजीनामा नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम स्वीकृत गरिबक्सेको छ ।

साथै मौसूफबाट रिक्त हुन आएको विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार प्रधानमन्त्री श्री शेरबहादुर देउवाले सम्हाल्ने गरी तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

१०६३

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१०६४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।